# कर्णाली स्वास्थ्य विज्ञान प्रतिष्ठान

## स्कूल अफ पब्लिक हेल्थ

## जुम्ला, नेपाल

### स्नातक तहको जनस्वास्थ्य *(Bachelor in Public Health)* तहमा अध्ययनका लागि आवेदन सम्बन्धि सूचना

(दोस्रो पटक प्रकाशित मिति २०७५/०७/०६ गते मंगलबार)

कर्णाली स्वास्थ्य बिज्ञान प्रतिष्ठान नेपालको अन्तरिम संबिधान २०६३ को धारा ६३ बमोजिम छुट्टै ऐनद्वारा बि.स. २०६८ मा स्थापित स्वायत्त विश्वविद्यालय स्तरको प्राज्ञिक संस्था हो । यस प्रतिस्ठानको जनस्वास्थ्य महाविद्यालय (School of Public Health) अन्तर्गत स्नातक तहको जनस्वास्थ्य (Bachelor in Public Health) तहमा शैक्षिक सत्र २०७५/०७६ का लागि प्रतिस्पर्धात्मक प्रबेश परिक्षाको माध्यमबाट बिद्यार्थी छनौट गर्नुपर्ने भएकाले तपशिल बमोजिम योग्यता पुगेका ईच्छुक नेपाली नागरिकहरुबाट आवेदन आह्वान गरिएको छ ।

१. **आवस्यक न्यूनतम योग्यता :** स्वास्थ्य बिज्ञानको कुनै पनि बिधाको प्रबिणता प्रमाण-पत्र तहमा कम्तिमा ५०% अंक प्राप्त गरेको हुनुपर्नेछ ।

वा

बिज्ञान बिधाको प्राणी शास्त्र (Biology) बिषयमाको प्रबिणता प्रमाण-पत्र तहमा कम्तिमा ५०% (GPA grade 2.5) अंक प्राप्त गरेको हुनुपर्नेछ ।

२. **स्वास्थ्य ब्यबसायिक परिषदममा दर्ता :** स्वास्थ्य बिज्ञान बिषयको हकमा सम्बन्धित स्वास्थ्य ब्यबसायिक परिषदममा दर्ता भएको हुनुपर्नेछ ।

३. **आरक्षित कोटा :** आरक्षित कोटामा सामेल हुनका लागि कर्णाली स्वस्थ्य बिज्ञान प्रतिष्ठानको ऐनमा तोकिएका जिल्लाहरु (जुम्ला, हुम्ला, मुगु, डोल्पा, कालिकोट, अछाम, जाजरकोट बजाङ र बाजुरा) का उम्मेदबारहरुले मात्र पाउने छन् ।

४. **आबेदन फाराम प्राप्ति :** आबेदन फाराम प्राप्त गर्न कर्णाली स्वास्थ्य बिज्ञान प्रतिष्ठान, जुम्लाको नाममा रहेको कृषि बिकास बैंकको खाता नं. ०७२१३००६२७९७१०१४ मा आबेदन फाराम वापत रु. १,०००/- (अक्षरुपी एक हजार मात्र) र परिक्षा दस्तुर वापत रु. १,०००/- (अक्षरुपी एक हजार मात्र) अलग-अलग जम्मा गरेको सक्कल भौचर पेश गर्नु पर्नेछ । उक्त रकम कृषि बिकास बैंकको कुनै पनि शाखामा जम्मा गर्न सकिनेछ ।

५. **आबेदन फाराम पाईने स्थान :** आवेदन फाराम (क) प्रतिष्ठानको केन्द्रिय कार्यालय, जुम्ला, (ख) प्रतिष्ठानको सम्पर्क कार्यालय, महालक्ष्मिस्थान, ललितपुर (ग) मध्यपश्चिम क्षेत्रिय अस्पताल, विरेन्द्रनगर, सुर्खेत ।

६. **आवेदन फाराम प्राप्त गर्न सकिने र बुझाउन मिति :** आवेदन फाराम मिति २०७५ साल आश्विन २४ गते बिहान १०:०० देखि कार्तिक २५ गते साझ ५:०० बजेसम्म खरिद गर्न तथा बुझाउन सकिनेछ ।

७. **परीक्षा केन्द्र, मिति र समय :** परीक्षा केन्द्र आफ्नो आवेदन फाराममा उल्लेख गरे अनुरुप नै हुनेछ र आवेदन फाराममा उल्लेख गरे पश्चात परिवर्तन गर्न पाइने छैन ।

   **क) जुम्ला परीक्षा केन्द्र :** चन्दननाथ उच्च माध्यामिक विद्यालय, खलङ्गा, जुम्ला ।

   **ख) काठमाण्डौं परीक्षा केन्द्र :** केन्द्र पछि निर्धारण गरिनेछ ।

   **ग) दोब्बर दस्तुर सहित फाराम बुझाउने मिति :** कार्तिक २६ गते देखि मंसिर २ गतेसम्म ।

   **घ) परिक्षा मिति :** २०७५ साल मंसिर ८ गते शनिबार ।

   **ङ) परिक्षा समय :** विहान १०:०० बजे देखि १२:०० सम्म ।

८. **परीक्षाको किसिम :** वस्तुगत प्रश्न (MCQs) ।

थप जानकारीको लागि प्रतिष्ठानको वेवसाईट www.kahs.edu.np मा हेर्नु हुन वा केन्द्रिय कार्यालय, जुम्लाको फोन नं. ०८७-५२०३५५ वा सम्पर्क कार्यालय ललितपुरको फोन नं. ०१-५१७०६२२, बिहान १०:०० देखि ४:०० बजेसम्म सम्पर्क गर्न सकिनेछ ।

**नोट :** प्रोस्पेक्टसमा उल्लेख भए अनुसारका कागजातहरु आवेदन फारामको साथमा पेश गर्नु पर्नेछ ।